Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Ganeshman Darpan

A Peer-Reviewed, Open Access Journal

# वैदिक यज्ञको विविधता

दीपकप्रसाद सापकोटा

**Article Info**

**Received:** October 04, 2024
**Accepted:** December 13, 2024
**Published:** May 22, 2025
**Available online:** May 29, 2025

**DOI:** https://doi.org/10.3126/gd.v10i1.80609

**Keywords:** *यज्ञ, बैज्ञानिक, ज्ञान, आधुतिकता, प्रयोजन*

**Abstract**

यो अध्ययन परम्परागत जडीबुटीजन्य उपचार पद्धति “यज्ञ“ लाई शिक्षा र स्वास्थ्यका क्षेत्रहरूसँग जोडेर हेर्ने प्रयत्न हो, जसले सामाजिक, सांस्कृतिक र आध्यात्मिक पक्षमा यसको महत्वलाई उजागर गर्छ। “यज्ञ“ लाई धार्मिक तथा औषधीय प्रयोजनमा प्रयोग गरिने मौलिक ज्ञानको रूपमा चिनिन्छ। आधुनिकताको बाबजुद, अझै धेरै मानिसहरूले यसलाई प्रभावकारी र पहुँच योग्य मानेर प्रयोग गर्दै आएका छन्। यसले शारीरिक, मानसिक र आत्मिक उपचारमा भूमिका खेलेको पाइन्छ। स्थानीय ज्ञानको हस्तान्तरणमार्फत यसको निरन्तरता देखिन्छ, तर वैज्ञानिक प्रमाण र औपचारिक मान्यताको अभाव चुनौतीका रूपमा रहेको छ। यस अध्ययनले मौलिक ज्ञानको संरक्षण र आधुनिक स्वास्थ्य प्रणालीसँगको समायोजनका लागि थप अनुसन्धान आवश्यक रहेको सिफारिस गरेको छ ।

## विषयप्रवेश

पाणिनीय व्याकरण अनुसार देवपूजा, संगतिकरण र दान यी अर्थमा रहेको यज् धातुमा भावार्थक नङ् प्रत्यय लागेर यज्ञ शब्द निष्पन्न हुन्छ । यज्ञ वैदिक संस्कृतिको प्रधान अङ्ग हो । यज्ञद्वारा विश्वब्रह्माण्डको कल्याण हुन्छ । यज्ञमा लोक कल्याणको भावना विशेषरुपमा निहित भएको हुन्छ । यज्ञको महत्त्वको बारेमा धार्मिक, सांस्कृतिक तथा वैज्ञानिक जुन दृष्टिले अनुसन्धान गरे पनि यसलाई विशेषतः कल्याणकारक कार्यका रुपमा हाम्रा शास्त्रीय ग्रन्थहरुमा वर्णन गरिएको पाइन्छ । अनुष्ठान कर्मलाई शास्त्रले ज्यादै महत्त्व दिएको छ । अग्निग्रहण श्रौत विधान अथवा स्मार्त विधान अनुसार स्वेच्छाले गरिने कार्य होइन । अग्निग्रहण गर्नु पूर्व र पश्चात् गरिने नियमहरु ज्यादै कठिन छन् । अग्निग्रहण आफूलाई इच्छा हुने बित्तिकै गरौं र इच्छा नभएमा नगरौं भन्ने विषय होइन । यसको पात्र र समयको विषयमा शतपथब्राह्मणमा वसन्ते ब्राह्मणोद्ग्निनादधीत, ग्रीष्मे राजन्यो, वर्षासु वैश्यः । भनी उल्लेख गरिएको छ । अर्थात् वसन्त ऋतुमा ब्राह्मणले, ग्रीष्म ऋतुमा क्षत्रीयले र वर्षा ऋतुमा वैश्यले अग्निको आधान गर्नुपर्छ । तत्पश्चात् विधिपूर्वक अग्निहोत्रादि कर्म गरेको व्यक्तिले मात्र अन्य यज्ञको अनुष्ठान गर्नुपर्दछ । यसो गरेमा सदनुष्ठानद्वारा गरिएको यज्ञले इन्द्रादि देवगण प्रसन्न भएर सुवृष्टि प्रदान गर्दछन् । यज्ञानुष्ठानले आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक विपत्तिबाट मानवलाई रक्षा गर्छ ।

अतः वैदिक मन्त्रद्वारा देवताको उद्देश्य लिएर गरिने द्रव्यदानलाई नै यज्ञ भनिन्छ । जुन ठाउँमा देवतालाई उद्देश्य मानेर अग्निमा द्रव्यको प्रक्षेप गरिन्छ, त्यसलाई यज्ञ भनिन्छ भन्ने श्रुतिवाक्य छ । यज्ञको बारेमा निरुक्तमा यज्ञः कस्मात् ? प्रख्यातं यजति कर्मेति नैरुक्ताः । याच्ञ्यो भवतीति वा यजुर्भिरुन्नो भवतीति वा बहुकृष्णाजिन इत्यौपमन्यवः यजूष्येनं नयन्तीति वा । अर्थात् यज्ञ कुन धातुबाट हुन्छ ? यज् धातुको अर्थ लोक र वेदमा देवपूजादि प्रसिद्ध छ भनी निरुक्तकार भन्दछन् । त्यस्तै जुन कर्ममा संसारले यजमानबाट अन्नादिको याचना गर्दछ वा यजमान नै देवताबाट वर्षादिको लागि प्रार्थना गर्दछ । देवता नै यजमानबाट हविको लागि याचना गर्दछ भने त्यस कार्यलाई नै यज्ञ भनिन्छ, भनी उल्लेख गरिएको छ ।

मत्स्यपुराणमा जुन कर्मविशेषमा देवताको हवनीय द्रव्य, वेदमन्त्र, ऋत्विक् र दक्षिणा यी पाँचवस्तुको संयोग हुन्छ त्यस्तो कर्मलाई यज्ञ भनिएको छ । यज्ञलाई दुई भागमा विभाजन गरिएको छ यज्ञ र महायज्ञ । जो व्यक्तिले आफ्नो ऐहिक तथा पारलौकिक कल्याणको लागि पुत्रेष्टि र विष्णुयाग गर्छ भने त्यसलाई यज्ञ भनिन्छ । त्यस्तै जो व्यक्ति अध्ययनरुपी ब्रह्मयज्ञ, नित्यहोमरुपी देवयज्ञ, अतिथिसेवारुपी मनुष्ययज्ञ, नित्य तर्पण , नित्य श्राद्धरुपी पितृयज्ञ र बलिवैश्वदेवरुपी भूतयज्ञ गर्दछ भने यस्ता यज्ञलाई महायज्ञ भनिन्छ । अमर कोशमा भनिएको छ –

पाठो होमश्चातिथीनां सपर्या तर्पणं बलिः ।
एते पञ्चमहायज्ञा ब्रह्मयज्ञादिनामकाः ॥

यज्ञ र महायज्ञको स्वरुप तथा यसको विशेषतालाई वर्णन गर्ने क्रममा महर्षि भारåfh भन्छन् – यज्ञमहायज्ञौ व्यष्टिसमष्टिसम्बन्धनात् । अर्थात् व्यष्टि र समष्टिको सम्बन्धलाई नै यज्ञ र महायज्ञ भनिन्छ ।

यज्ञको फल भनेको आत्मोन्नति तथा आत्मकल्याण हो । यसको सम्बन्ध छुट्टा–छुट्टै हुने भएकाले यसमा स्वार्थभावको प्रधानता हुन्छ । महायज्ञको फल भनेको जगत्को कल्याण गर्नु हो र त्यसको सम्बन्ध समष्टि रुपमा हुन्छ । यसले गर्दा यसमा निःस्वार्थताको प्रधानता हुन्छ ।

## यज्ञको भेद

यज्ञलाई श्रौत र स्मार्त गरी दुई खण्डमा विभाजन गरिएको छ । स्वयं श्रुतिद्वारा प्रतिपादित यज्ञलाई श्रौत यज्ञ भनिन्छ भने स्मृतिद्वारा प्रतिपादित यज्ञलाई स्मार्तयज्ञ भनिन्छ । श्रौतयज्ञमा केवल श्रुतिप्रतिपादित मन्त्रहरुको मात्र प्रयोग हुन्छ भने स्मार्तयज्ञमा वै

दिक, पौराणिक र तान्त्रिक मन्त्रहरुको पनि प्रयोग हुन्छ। श्रौत अग्निको आधान गर्नुभन्दा पहिले स्मार्त अग्निको आधान गर्नुपर्छ। स्मार्त अग्निको आधान नगरी श्रौत अग्निको आधान गर्न शास्त्रले अनुमति दिएको छैन। अतः श्रौत अग्निमा गरिने कर्मलाई श्रौतकर्म भनिन्छ भने स्मार्त अग्निमा गरिने कर्मलाई स्मार्तकर्म भनिन्छ। वेदमा धेरै प्रकारका यज्ञको विधान बताइए तापनि अग्निहोत्र, दर्शपूर्णमास, चातुर्मास्य, पशुयाग र सोमयाग गरी पाँच यज्ञहरु मुख्य हुन्। यी यज्ञमा श्रुतिप्रतिपादित वैदिक यज्ञको समाप्ति हुन्छ।

गौतमधर्मसूत्रकारले यज्ञलाई पाकयज्ञ, हविर्यज्ञ र सोमयज्ञमा विभाजन गरी प्रत्येक यज्ञको सात सात भेद देखाइ २१ प्रकारको यज्ञको बारेमा परिचर्चा गरेका छन्। स्मार्तयज्ञका सात भेदहरुको वर्णन तथा पाकयज्ञको वर्णन गृह्यसूत्र र धर्मसूत्रमा पाइन्छ भने अग्निहोत्रदेखि लिएर सोमसंस्थान्त सम्मको १४ यज्ञको वर्णन कात्यायनादि श्रौतसूत्रहरुमा पाइन्छ। उपर्युक्त १४ वैदिक यज्ञ तथा ७ पाकयज्ञका अतिरिक्त गृह्यसूत्र र धर्मसूत्रमा पञ्चमहायज्ञको पनि वर्णन गरिएको छ जसलाई नित्यकर्म र आवश्यक अनुष्ठेय यज्ञ मानिएको छ।

वर्तमान समयमा श्रौतयज्ञको प्रयोग विरलै देखिन्छ। गृह्यसूत्रोक्त पाकयज्ञको प्रचार कछुवागतिमा भए पनि यसको प्रयोग भने कुनै न कुनै माध्यमबाट अद्यावधि प्रचलित छ।

उपर्युक्त सबै प्रकारको यज्ञ सात्विक, राजसी र तामसी गरी तीन प्रकारका हुन्छन्। जुन यज्ञ निष्काम भावबाट गरिन्छ त्यसलाई सात्विक यज्ञ भनिन्छ। त्यस्तै जुन यज्ञ सकाम अर्थात् केही फल विशेषको इच्छाबाट गरिन्छ त्यसलाई राजसी यज्ञ भनिन्छ भने शास्त्र विरुद्ध गरिने यज्ञलाई तामसी यज्ञ भनिन्छ। यीमध्ये सर्वोत्तम यज्ञ सात्विक यज्ञ हो। अतः यज्ञको मुख्य उद्देश्य सात्विकता नै हो। शास्त्रमा सात्विक यज्ञको ठूलो फल बताइएको छ।

श्रौतस्मार्तादि यज्ञमा कुनै नित्य, कुनै नैमित्तिक र कुनै काम्य हुन्छन्। यसमा नैमित्तिक र काम्य यज्ञको लागि द्विज स्वतन्त्र हुन्छ तर नित्ययज्ञ अनिवार्य रुपमा गर्नैपर्छ। नित्ययज्ञ पाँच प्रकारका छन्। तसर्थ यसलाई पञ्चमहायज्ञ पनि भनिन्छ। पञ्चमहायज्ञको अनुष्ठान नगर्ने कुनै पनि द्विजले पञ्चसूनाजन्य दोषबाट छुटकारा पाउन सक्दैन।

अतः पञ्चसूना दोषबाट छुटकारा पाउनको लागि पञ्चमहायज्ञको अनुष्ठान परमावश्यक छ र यो नित्य कर्तव्य पनि हो। पञ्चमहायज्ञ अन्य यागका दृष्टिमा न धेरै द्रव्यसाध्य हो न धेरै समयसाध्य नै हो।

**यज्ञको महत्ता**

वेदले देवपूजनात्मक यज्ञ अग्निको माध्यमले सम्पन्न गर्ने कुरा बताएको छ। "अग्नौ हि सर्वाभ्यो देवताभ्यो जुह्वति, अग्निर्वै यज्ञस्यावरार्ध्यः" (शत.३.१.३.१)। अग्नि नै सबै देवताको मुखस्थानीय हो। "मद्रखादग्निरजायत" (यजु.३१.१२)। मुखमा हालिएको अन्नले जसरी अङ्ग-अङ्गलाई सन्तर्पण गर्दछ त्यसैगरी देवताको मुखस्वरुप अग्निमा दिइएको हवनीय पदार्थले देवताहरूलाई तृप्त पार्दछ। जस्तै संसारमा प्रत्येक राष्ट्रले राज्यसञ्चालन सुव्यवस्थित गर्न राज्यशक्तिका विविध निकायह¿ अङ्गका रुपमा गठन गरेका हुन्छन्। ती राज्यका निकायहरूले राष्ट्रवासीका जन-जीविकामा आइपरेका अनेक प्रकारका कठिनाइ, आपत्ति, विपत्तिलाई निराकरण गरी समाज अनुकुल वातावरण बनाउने प्रयत्न गर्दछन्। त्यस्तै सारा भूमण्डललाई आवश्यक पर्ने वृष्टि आदि प्राकृतिक वातावरणलाई सन्तुलन गरी सुव्यवस्थित गर्ने परमात्माको विविधशक्तिलाई देवता भनिन्छ। यसैले प्राकृतिक सन्तुलनलाई सुव्यवस्थित गरी जनजीवनमा आइपने विपत्तिहरूलाई नाश गर्ने गर्दछ। जस्तै राज्यशक्तिलाई जनताबाट आउनुपर्ने कर (ट्याक्स) सहयोग नियमित रुपमा नआई राज्यकोषमा खर्च अभाव हुँदा राज्यका निकायहरूले ठीकरुपमा आनो कार्य गर्न सक्दैन। फलतः चोरी, डकैति, अपहरण, हत्या, हिंसा जस्ता घटनाहरूको वृद्धि हुन्छ र समाज भयग्रस्त बन्न पुग्दछ। त्यस्तै देवशक्तिको समुपबृहंक यज्ञ यागादि कर्म ठीकरुपमा नहुँदा जलवायु आदि प्राकृतिक वातावरणमा देवशक्तिको अनुकुल नियन्त्रण रहन सक्दैन र अतिवृष्टि, अनावृष्टि, अतिशीत, ठूलो खडेरी आदिद्वारा अनपेक्षित रुपमा प्राकृतिक शक्तिमा सन्तुलन नहुँदा असन्तुलित वातावरणले जन-जीवनलाई संकटग्रस्त बनाउने गर्दछ। उत्तम संस्कार गरिएको हवि, शुद्धरुपमा वेदमन्त्र उच्चारण गरेर प्रदेय देवताको ध्यान र नाम उच्चारण गर्दै प्रदान गरिने यज्ञकर्मबाट देवशक्तिहरू सन्तृप्त हद्रन्छन्। यस्तो उत्तम कर्मबाट ऊर्जा प्राप्त गरेका देवशक्तिले जलीय, वायवीय र विविध प्राकृतिक वातावरणलाई नियन्त्रणमा राखी शुद्ध एवं नियमित गर्दछ। जसको कारणले गर्दा अनेक प्रकारका दैवी विपत्तिले प्राणीलाई भयभीत बनाउन सक्दैन। यज्ञद्वारा दैवीशक्तिमा सन्तुलन आएपछि पृथिवी सुरक्षित रहन्छ। अग्निशक्ति, जलशक्ति एवं वायुमण्डल सुव्यवस्थित र शुद्ध रहन्छ। हवनात्मक यज्ञकर्ममा आहुति दिइएको गाईको पवित्र आज्य सूक्ष्म बनी हजारौं गुणा शक्तिशाली भएर वायुमण्डलमा रहेका प्रदूषणलाई नष्ट गर्न सक्षम हुन्छ। सर्वकल्याणमय देवशक्तिले पृथिवीबाट सूर्यले आकर्षणद्वारा गगनमण्डलमा राखेको जल सुव्यवस्थित रुपमा यथायोग्य वितरण गर्दछ। यस्तो आदान-प्रदान प्रक्रिया नियमित हुँदा न अतिवृष्टिको त्रास, न अनावृष्टिको भय, न सुख्खा परेर भोकमरीको समाचार फैलिन्छ, न त बाढीको प्रलयले जनधनकै क्षति। यही प्रक्रियाका यथार्थतः ज्ञाता महाकवि कालिदासले यज्ञलाई आनो जीवनको परमकर्तव्य ठानेर सम्पादन गर्ने रघुकुलको महत्तालाई रघुवंशमा इन्द्रसहचारीको रुपमा प्रस्तुत गरेका छन् -

दुदोह गां स यज्ञाय सस्याय मघवा दिवम्।
सम्पद् विनिमयेनोभौ दधतुर्भुवनद्वयम्॥ (१.२६)

तर यज्ञको पनि आनै नियम छ। यसमा कर्म, कर्ता र साधन यी तीनै वस्तुमा विगुणता आउनु हुँदैन। यज्ञकर्म विधिपूर्वक हुनुपर्छ। साधनमा कुनै पनि त्रुटि रहनु हुँदैन। कर्ता पवित्र आचरणमा रहने, वेदमन्त्रको यथावत् रुपमा उच्चारण गर्न जान्ने वेदाध्यायी पनि हुनुपर्छ। शास्त्रनिषिद्ध अनधिकारीद्वारा गरिएको प्रयोग इष्ट-मनोरथ-पूर्तिमा प्रतिबन्धक हुन्छ। हवनीय सामग्री पूर्ण र पवित्र हुनुपर्छ। जहाँ सम्पूर्ण वातावरण शुद्ध हुन्छ त्यहाँ जलवृष्टि एवं मनोरथवृष्टि साथसाथै हुन्छ। खाँचो छ केवल शास्त्रीय मूलमर्मलाई आत्मसात् गने क्षमताको। अग्निमा विधिपूर्वक आहुति दिइएको हवनीय द्रव्य नष्ट हुँदैन। अग्निले ती पदार्थलाई भिन्न भिन्न रुपमा सूक्ष्म बनाउँछ। ती सूक्ष्म पदार्थ सूक्ष्म वायुद्वारा गगनमण्डलमा व्याप्त भई सबै प्राणीमा पुगी उनीहरूको निर्बलता नाश गरी स्वस्थ, बलवान् तथा निरोगी बनाउँदछ। जगत् कल्याणकारक यज्ञद्वारा देवता र मानव सबै सन्तुष्ट हुन्छन्। पद्मपुराणको यो वचनले यज्ञ विज्ञानको महत्तालाई मुक्तकण्ठले बताएको छ।

यज्ञेनाप्यायिता देवा वृष्ट्युत्सर्गेण मानवाः।
आप्यायनं वै कुर्वन्ति यज्ञाः कल्याणहेतवः॥ (३.१२४)

यसै कारण यजुर्वेदमा यज्ञलाई संसारको आधारशक्ति नाभि (केन्द्र) मानिएको छ।

"अयं यज्ञो भुवनस्य नाभिः" (यजु.२३.६२)

**अग्निको शक्तिमत्ता**

यज्ञमा अग्निको मह□वपूर्ण स्थान रहन्छ । अग्नि मानवसमाजको विशेष विभूति हो । प्राणीमध्ये मनुष्य नै अग्निद्वारा विविध कर्म सिद्ध गर्दछ । विद्युत्शक्तिको रुपमा रहेको अग्निद्वारा उत्पन्न शक्तिले रेल, मोटर, जहाज, कलकारखाना सञ्चालित छन् । अग्निद्वारा हाम्रो बाहिरी तथा भित्री भोजनको पाकक्रिया सम्पन्न हुन्छ र जसको माध्यमले प्राणीहरू जीवन धारण गर्दछन् । गर्भाशयको अग्निद्वारा शरीर उत्पन्न हुन्छ । खानिमा रहेको अग्निद्वारा नै सुवर्ण आदि धातुको उत्पत्ति हुन्छ । आजको वैज्ञानिक जगत् अग्निलाई विभाजक द्रव्यको रुपमा मान्दछ । उनीहरूका अनुसार कुनै पनि द्रव्य अग्निमा परीसकेपछि नष्ट हुँदैन । तर धेरै भागमा विभक्त भई स्थूलबाट सूक्ष्म बनी अधिक शक्तिशाली भएर फैलिन्छ । हाम्रा पूर्वज पौरस्त्य जगत्का त□वद्रष्टा उन्नत मनीषा ऋषिमुनिहरूले अग्निका सम्बन्धमा यो भन्दा पनि सूक्ष्म विश्लेषण गरेका थिए । उनीहरूलाई अग्निमा आहुति दिइएको कुन वस्तु कुन रुपमा विभक्त भई कहाँसम्म पुगेर कुनरुपमा रहन्छ भन्ने कुराको राम्रो ज्ञान थियो । यही ज्ञानको विकसितरुपले यज्ञयागादिलाई जनसाधारण सम्म पुऱ्यायो र यज्ञको विकास विस्तृत रुपमा भयो । यस ज्ञानमा ऋषिमुनिहरूले ठूलो उन्नति गरेका थिए । आधुनिक वैज्ञानिकहरूका मतमा पनि स्थूल पदार्थ भन्दा सूक्ष्म र व्यक्त भन्दा अव्यक्त बलवान् हुन्छ । पौरस्त्य वैज्ञानिक मूर्धन्य महर्षिहरूले तत्तन्मनोरथोपयुक्त स्थूल यज्ञ-सामग्रीलाई सूक्ष्म बनाउने र मनोरथलाई शीघ्र नै सिद्ध गर्ने अग्निलाई आनो उपास्य बनाए । अग्निमा विशेष विधिपूर्वक कर्ता, कर्म र साधनको पवित्रतालाई आत्मसात् गर्दै गरिएको हवन नष्टका लागि होइन अपितु एक बीज रोपेर सयौं बीज भएको खेती भि□याउनु जस्तै सुषुप्त अवस्थामा रहेको शक्तिलाई अधिक शक्तिशाली बनाउँदै जगत्कल्याण गर्नु हो । अग्निको शक्तिलाई कसैले पनि आँक्न सक्दैन । जस्तै तपाईंको नगीज धेरै मानिसहरू बसेका छन् । तपाईंलाई यी मानिसहरू आनो नगीचबाट गईदिए हुन्थ्यो भन्ने लाग्यो । ती मध्ये एकलाई तपाईंले सुकेको रातो खुर्सानी खान दिनु भयो भने उसले त्यसलाई खान्छ तर उठ्दैन । यदि त्यही खुर्सानी नगण्यमात्रामा धूलो बनाएर अग्निमा होमी दिनुभयो भने त्यसको प्रभावबाट प्रभावित भएर सबै मानिस तुरुन्त उठ्दछन् र नगीचमा रहेका अरुलाई पनि यसको प्रभाव पर्दछ । किनभने स्थूलरुपमा रहेको खुर्सानीको गुणलाई अग्निले आनो शक्तिद्वारा सूक्ष्म बनाई सयौं गुणा बढाई दियो । अग्निद्वारा भस्म बनाइएको एक रत्ती सुवर्ण भस्ममा जति शक्ति हुन्छ त्यति शक्ति एक तोला सुनमा पाइँदैन । बीज जबसम्म स्थूल अवस्थामा रहन्छ तब सम्म उपकारक बन्न सक्दैन । जब त्यही बीज पृथिवीमा रोपिन्छ, पानी हालिन्छ अनि पृथिवीस्थ अग्निले उसलाई सूक्ष्म पार्दछ । जति सूक्ष्म हुन्छ यसको वृद्धि पनि त्यही अनुपातमा हुन्छ । यस प्रकार अग्निले आनो शक्तिद्वारा आहुत पदार्थलाई सूक्ष्म बनाई शक्तिशाली बनाइदिन्छ ।

सूक्ष्म वस्तुमा रहेको शक्ति अतुलनीय हुन्छ । परमाणुको शक्ति कति हुन्छ भन्ने कुरा आधुनिक विश्वलाई राम्ररी थाहा छ । जापानको हिरोसिमा र नागासाकीमा परमाणु बमले गरेको विध्वंसलाई कसले सामान्य मान्ला र ? । हैजाको किटाणु कति सूक्ष्म हुन्छन् ? भन्ने कुरा हाम्रो जानकारीमा नभएको विषय होइन । यसको शक्तिबाट पनि परिचित छौं । औषधीको रुपमा प्रयोग गरिने जडीबुटी प्रशोधन गरी सूक्ष्मरुपमा शक्ति सम्पन्न भएपछि मात्र उपयोगमा ल्याइन्छ । विविध रोगोपचारको लागि पनि यज्ञको मह□व रहेको छ । रोगनाशक विविध जडीबुटी-औषधी हवनीय द्रव्यको रुपमा मन्त्रद्वारा अग्निमा हवन गरेपछि शक्ति सम्पन्न सूक्ष्म पदार्थ बनी रोगीको श्वासद्वारा अथवा परमाणु भएको हुनाले रोमकुपद्वारा भित्र प्रवेश गरी रक्तसञ्चारलाई शुद्ध गराउँदै रोगकिटाणुहरूलाई पनि नष्ट गने कुरा वैदिकवाङ्मयमा पाइन्छ । जीवनमा ऐहिक सुख र आमुष्मिक कल्याण प्राप्त गर्ने माध्यम यज्ञलाई बनाईएको कुरा पनि वेदबाट जान्न सकिन्छ ।

यसरी अग्निलाई देवशक्तिको रुपमा उपासना गरेर जीवजगत्को कल्याणमा आनो सम्पूर्ण आयु समर्पण गरेका दिव्य चेतनाका धनी महर्षिहरूले मानवसमुदायलाई धर्म, अर्थ र कामको आवश्यकतानुसार उपभोग गर्दै अन्तिममा यी सबैबाट टाढा रही मोक्षपथको वटुवा बन्न सन्देश दिएका छन् । त्यसकारण आजको समाजमा पनि पवित्र आचरणमा रहेको कर्ता, शुद्धरुपमा उच्चारण गरिएको वेदमन्त्र र संस्कारद्वारा संस्कृत हवनीय साधनहरूको संयोगले गरिएको यज्ञद्वारा प्राणीको कल्याण नहोला भन्न सकिन्छ र ?

हाम्रा विविध मनोरथ पूर्ण गरिदिने देवतालाई हामीले सन्तर्पण एवं सन्तोषका लागि हव्यपदार्थ दिनुपर्छ । देवता अत्यन्त सूक्ष्मत□वको रुपमा रहन्छन् । हामी स्थूलरुपमा छौं र स्थूल रुपमा रहेको हवि दिन्छौं । त्यो देवतालाई सूक्ष्म बनाई प्राप्त गराउने त□व पनि यज्ञको प्रधान देवता अग्नि नै हो । यसलाई दृष्टान्तद्वारा मनन गर्दा केही सजिलो होला- हामीले आना इन्द्रियहरूलाई भोजन दिनु छ । हामी स्थूल छौं र दिइएको अन्न पनि स्थूल छ । तर इन्द्रियहरू सूक्ष्म छन् उनीहरूलाई सूक्ष्म भोजन नै दिनुपर्छ । कसरी ? हामीहरू स्थूलभोजनलाई मुखको माध्यमले दाँतद्वारा मसीनो बनाई आनो प्रदीप्त जठराग्निमा होम गर्दछौं । प्रदत्त अन्नलाई हाम्रो पेटमा रहेको प्रदीप्त जठराग्निले सूक्ष्म बनाउँदछ र हाम्रा इन्द्रियलाई यथा-योग्यरुपमा पुऱ्याउँछ । त्यही अन्नको सूक्ष्म ऊर्जाद्वारा हाम्रो शरीर र इन्द्रियहरू स्वस्थ रहन्छन् । यदि यो स्थूल अन्न सूक्ष्म रुपमा तत्तत् इन्द्रियले न पाउने हो भने हाम्रो शरीर, मन र इन्द्रियहरू अस्वस्थ एवं निर्बल बन्दछन् । यसले हामी न आनो भलो गर्न सक्छौं न अरुको उपकार गर्न सक्छौं । बुद्धिविवेकद्वारा र शारीरिक रुपमा विभिन्न इन्द्रियहरूद्वारा गरिने कुनै पनि कार्य हामीबाट हुन सक्दैन । यो स्थूल अन्न सूक्ष्म बनेपछि हाम्रो शरीरको अङ्ग-अङ्गमा व्याप्त हुन्छ । खाएको अन्न नपच्ने व्यक्ति रोगी भएको कुरा हाम्रा अगाडि लुकेको छैन । देवतलाई दिइएको हविः को सन्दर्भमा पनि यही नियम लागु हुन्छ । यज्ञाग्निमा आहुति दिइएको आज्यादि हवनीय द्रव्य पृथीविमा रोपिएको बीज जस्तै सूक्ष्म बनि शक्ति सम्पन्न भएर देवता भएको ठाउँमा पुग्दछ र अधिक-फलप्रद बन्दछ । प्राणीहितको लागि र धान्यादिको उत्पत्तिको लागि यथोचित वृष्टिको कारण बन्न पुग्दछ । मनुको वचनले यही कुरा सिद्ध गर्छ ।

अग्नौ प्रास्ताहुतिः सम्यग् आदित्यमुपतिष्ठते ।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजा ॥ (३.७६)

**सृष्टियज्ञ**

वेदमा यज्ञ त□वकै प्राधान्य छ । याज्ञिक प्रक्रियाद्वारा नै सृष्टि सञ्चालित छ । अतीन्द्रियदर्शी प्रज्ञाका धनी तपोनिधि महर्षिहरू प्रकृतिको साहचर्यमा बस्दै सृष्टिमा भई रहने अनेक रहस्यात्मक क्रियाकलापका प्रत्यक्षदर्शी थिए । उनीहरूमा यो संसारमा भईरहेको र पछि हुनेवाला दिव्यकृत्यहरूको पनि अनुभव थियो । ब्रह्माण्डमा विद्यमान प्रकृतिको अनन्त शक्तिमा परस्पर समन्वय एवं सामञ्जस्य

स्थापित गर्दै सृष्टिसञ्चालनको निमित्त विभिन्न प्राकृतिक शक्तिहरूमा निरन्तर चलीरहने आदान-प्रदानको प्रक्रियालाई पनि यज्ञ नै भनिन्छ । यसको परिचालक देवता अग्नि र सोम हो । यो संसारको प्रमुख त□व पनि यही हो "अग्नीषोमात्मकं जगत्" । यो सर्ग-सञ्चालक कर्मरुपी यज्ञमा वसन्त ऋतुले पग्लीएको आज्यले झैं अग्नि प्रज्वलित गर्ने कार्य अर्थात् सृष्टिको प्रारम्भ गऱ्यो । यस सृष्टिलाई निरन्तरता दिन ग्रीष्म ऋतुले इन्धनको कार्य झैँ ऊर्जा दियो । शरद ऋतुले सृष्टिको साधनस्वरुप द्रव्य प्रदान गऱ्यो । अर्थात् ऋतुचक्रले पृथिवीमा आनो प्रभावद्वारा सर्ग सञ्चालनका लागि आवश्यक द्रव्यहरूको अविर्भाव गरायो जसले सर्ग कर्म सञ्चालनमा र बढाउनमा ठूलो सहायता गऱ्यो । "वसन्तोस्यासीदाज्यङ्ग्रीष्म इध्मः शरद्धविः"

यज्ञ एक विज्ञान हो जति यसको सूक्ष्मरुपमा अध्ययन एवं अनुसन्धान गरिन्छ त्यति नै जगत् सृष्टिको रहस्यात्मक त□वहरू उद्घाटित हद्रन्छन् । त्यसकारण प्राकृत-यज्ञको अनुकरण नै वैकृत-यज्ञ भएको हुनाले यज्ञलाई केवल कर्मकाण्डीय घेराले उपेक्षा गर्नु सृष्टिरहस्यको निगूढ रहस्यबाट विमुख हुनु हो । यज्ञ जगत् कल्याणका लागि भएता पनि अनुष्ठाताका बारेमा वेदले गरेको अधिकार-विशेष-निर्णय यसको असाधारण विशेषता हो । वैदिक यज्ञमा गरिएको अधिकार विवेचन पक्षपात रहित हितकामनाद्वारा निर्देशित छ ।

**सन्दर्भग्रन्थसूची**


1. आप्टे वामन शिवराम, संस्कृत-हिन्दी कोशः, वाराणसी, चौखम्बा विद्याभवन, सन् २०१२ ।
2. (सम्पा.) आचार्यः शर्मा श्रीराम, यजुर्वेदसंहिता, युग निर्माण योजना विस्तार ट्रष्ट, मथुरा, गायत्री तपोभूमि, सन् २०1० ।
3. चौवे वी.वी., शतपथब्रा≈मणम्, दिल्ली, भारतीय विद्याप्रकाशन, सन् १९८९ ।
4. (सम्पा.) झा मुकुन्द बख्शी, निरुक्तम्, यास्कमुनिप्रणीतम्, निर्णयसागरमुद्रालयः, सन् १९३० ।
5. मनुस्मृतिः, (कुल्लूकभट्टकृतमन्वर्थमुक्तावलीयुक्ता), बम्बई, निर्णयसागर– मुद्रालयः, सन् १९४६ ।
6. महर्षिः कात्यायनः, कात्यायनश्रौतसूत्रम्, (कर्कभाष्यसहितम्, भाष्यकारः कर्काचार्यः), द्वितीयसंस्करणम्, नवदेहली श्री लालबहादुर शास्त्री राष्ट्रिय संस्कृत विद्यापीठम्, सन् २००९ ।
7. महर्षिः कात्यायनः, कात्यायनश्रौतसूत्रम्, (सरलवृत्तिसहितम्), वृत्तिकारः विद्याधरगौडः, द्वितीयसंस्करणम्, दिल्ली चौखम्बा संस्कृत प्रतिष्ठान, सन् १९९० ।
8. महर्षि पाणिनिः, अष्टाध्यायी, वाराणसी, चौखम्बा सुरभारती प्रकाशन, सन् १९८७ ।
9. (सम्पा.) मिश्रयुगलकिशोरः, शतपथब्रा≈मणम्, (प्रथमकाण्डात्कम्, हिन्दीव्यख्यासहितम्), वाराणसी, सम्पूर्णानन्दसंस्कृतविश्वविद्यालयः, वि.सं. २०६७ ।
10. शर्मा विद्याधरः, कात्यायनश्रौतसूत्रस्य भूमिका, काशी अच्युत ग्रन्थमाला, सन्।
11. (सम्पा.) शास्त्री रामकृष्णः, शुक्लयजुर्वेदसंहिता, (उव्वटमहीधरभाष्यसहिते), वाराणसी, चौखम्बा विद्याभवन, सन् १९९२ ।
12. (सम्पा.) शास्त्री गोपाल, अष्टाध्यायी, वाराणसी, चौखम्बा सुरभारती प्रकाशनम् सन् १९७६ ।
13. (सम्पा.) शर्मा श्रीधरः, शतपथब्रा≈मणम्, सायणभाष्यसहितम्, दिल्ली नागप्रकाशन, सन् १९९० ।
14. सिंहः अमरः, अमरकोशः, (सुधाव्याख्यया सहित), दिल्ली, चौखम्बा संस्कृत प्रतिष्ठान, सन् २००७ ।